# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी,कैलाली,७ नं.प्रदेश,नेपाल

विषय : निकासी शुल्क दस्तुर संकलन गर्ने कार्य ठेक्कामा दिने सम्बन्धि सूचना । सूचना ॥ सूचना ॥।

प्रथम पटक प्रकाशित मिति:२०७५।६।१२

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा (६) र यस उप-महानगरपालिकाको आर्थिक ऐन, २०७५ को दफा १६ बमोजिम नदीजन्य पदार्थ ढुंङ्गा,गिट्टि, बालुवा, माटो आदिमा निकासी कर लगाउन सक्ने ब्यवस्था बमोजिम यस उप-महानगरपालिका क्षेत्र भित्रबाट अन्य स्थानीय तहमा निकासी हुने ढुंङ्गा, गिट्टी, बालुवा, माटो आदि प्राकृतिक एंब खनिज जन्य बस्तुमा निकासी शुल्क दस्तुर संकलन गर्ने प्रावधान बमोजिम मिति ०७५।४।३० गते यस उप-महानगरपालिका नगरकार्यपालिकाको बैठकबाट निर्णय भए अनुसार यस कार्यालय बाट तोकिएको दररेट बमोजिम निकासी शुल्क दस्तुर संकलन गर्न चाहने ईच्छुक फर्म वा संघ संस्थाको जानकारीको लागि यो १५ दिने सिलबन्दी आह्वानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलका शर्तहरू

१। न्यूनतम ठेक्का अंक रू २००००००।( बीस लाख मात्र) कायम गरिएको छ ।

२। ठेक्काको अवधि ठेक्का स्वीकृत भै सम्झौता गरेको मितिले १ बर्ष सम्म कायम रहने छ र ढुंङ्गा, गिट्टी, बालुवा, माटो उत्खनन कानुन बमोजिम रोकिएको समयमा निकासी शुल्क दस्तुर संकलन गर्न पाईने छैन ।

३। तोकिएको स्थानको सिमा रेखाभन्दा बाहिर गई निकासी शुल्क दस्तुर संकलन गर्न पाईने छैन,तोकिएको सिमाभन्दा बाहिर गई शुल्क संकलन गरिएको जानकारी वा प्रमाण फेला परेमा जुनसुकै अवस्थामा पनि ठेक्का सम्झौता रद्द गर्न सक्नेछ ।

४। दरभाउपत्र मिति २०७५।६।२६ गते कार्यालय समयभित्र राजश्व शाखाबाट रू १०००। फिर्ता नहुने गरी खरीद गर्न सकिने छ ।

५। दरभाउपत्र मिति२०७५।६।२७ गते दिनको १२ वजेभित्र पेश गरिसक्नु पर्नेछ । दरभाउपत्र मिति २०७५।६।२७ गते दिनको २.०० वजे खोलिने हुंदा उक्त समयमा दरभाउपत्रदाता वा निजले तोकेको व्यक्ति उपस्थित हुनु पर्नेछ, उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्नेछैन ।

६। दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परे लगत्तै कार्यालय खुलेको दिन सो सम्बन्धि काम हुने छ ।

७। धरौटी वापत कबोल गरेको अङ्कको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक,धनगढी, कैलाली स्थित धरौटी खाता हिसाव नं. ४१७०३०३००७१०२ मा नगद दाखिला गरेको सक्कल भौचर वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन म्याद भएको मान्यताप्राप्त बैंकको जमानत (बिड बण्डको सक्कल प्रति) दरभाउपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी वापत जम्मा गरेको नगद रकमलाई किस्तामा समावेश गर्न पाईने छैन ।

८। दरभाउपत्र दाताले कवोल गरेको ठेक्का अंक वरावरको नगद रकम वा नेपाल राष्ट्रबैंकबाट स्वीकृत प्राप्त वाणिज्य बैंकद्धारा ठेक्का अवधिसम्मको लागि जारी गरिएको परफरमेन्स वण्ड दाखिला गरेपछि मात्र ठेक्काको सम्झौता गराई ठेक्का चलनको पट्टा पुर्जी प्रदान गरिनेछ ।

९। ठेक्का स्वीकृत भएपछि ठेक्का रकम बराबर ३ किस्ता गरि सो मध्ये प्रथम किस्ताको रकम सम्झौता गरेको दिन अग्रिम दाखिला गर्नुपर्ने छ र बाकी किस्ताको रकम ४ महिना समाप्त हुनासाथ एकमुष्ट अग्रिम रूपमा बुझाउनु पर्ने छ ।

१०। दरभाउपत्रमा ठेक्का अंक उल्लेख गर्दा अंक र अक्षर दुवैमा स्पष्ट लेखेको हुनु पर्नेछ र यस कार्यालयबाट प्रमाणित नगरि विक्री भएको,म्याद नाघी आएको वोलपत्र माथी कुनै कारवाही हुने छैन

११। दरभाउपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन साथै रित नपुगी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन ।

१२। ठेक्कामा कुनै विवाद भएमा यस कार्यालयको निर्णय अन्तिम हुनेछ र यस ठेक्काको सूचना धनगढी उपमहानगरपालिकाको सूचना पाटी र वेभसाईट dhangadhimun.gov.np मा राखिएको छ ।

१३। दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । यस सम्बन्धी कुनै कुरा बुझ्न चाहेमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ ।

नि. प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख ५२०७७५,नगर- उपप्रमुख ५२०७७५,कार्यकारी अधिकृत:५२०४२९ ,आ.ले.प. ५२०७२९,फ्याक्स :५२०४२९,दमकल :१०१